काठमाडौं महानगरपालिका वडा नं. ३०, ज्ञानेश्वर स्थित

कामना सेवा विकास बैंक लिमिटेडको

बिसौं वार्षिक साधारणसभाको निर्णय तथा कार्यवाही विवरण (निर्णयको माइन्यूट)

१. **वैधानिक सभा :**

कामना सेवा विकास बैंक लिमिटेडको मिति २०८३ साल, भाद्र ०८ गते बसेको सञ्चालक समितिको ४२१ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बोलाइएको बिसौं वार्षिक साधारणसभा विकास बैंकको सञ्चालक समितिका अध्यक्ष श्री सुदिप आचार्यज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमका प्रस्तावहरु उपर छलफल र निर्णय गरी सु-सम्पन्न भयो ।

२. **सभा बसेको मिति, स्थान र समय :**

मिति : २०८३ साल भाद्र ३१ गते बुधबार, (तदनुसार १६ सेप्टेम्वर, २०२६)

स्थान : आम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, बालुवाटार रोड, काठमाडौं

समय : बिहान ११:०० बजे

३. **सभाको सूचना प्रकाशन :**

३.१ साधारणसभा हुने मिति, स्थान, समय र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरू खुलाई मिति २०८३ साल, भाद्र ०९ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक र मिति २०८३ साल, भाद्र २६ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक गरी २१ दिन अगावै २ (दुई) पटक सूचना प्रकाशित गरिएको थियो ।

३.२ सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक वित्तीय विवरण (आषाढ मसान्त २०८३ को वासलात, आ.व. २०८२/०८३ को नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु) साथै, अन्य प्रस्तावका विषयवस्तुहरू सहितको वार्षिक प्रतिवेदनको पुस्तिका सेयरधनी महानुभावहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको तथा बैंकको वेबसाइटमा समेत राखी सार्वजनिक रुपले जानकारी गराइएको व्यहोरा सभा सञ्चालकले सभा समक्ष अवगत गराउनु भयो ।

४. **सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयहरू :**

क. सामान्य प्रस्तावहरु :

१. आ.व. २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक वित्तीय विवरण (आषाढ मसान्त २०८३ को वासलात, आ.व. २०८२/०८३ को नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट

.....
प्रणय तुलाधर
कम्पनी सचिव

.....
सुदिप आचार्य
अध्यक्ष

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८२/०८३ को वितरणयोग्य मुनाफाबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. ४,२१,१९,३०,८१४.९४ मध्ये अग्राधिकार सेयर पूँजी रु. ३५,००,००,०००/- को बाँडफाँड भएको मितिबाट असार मसान्त, २०८३ सम्म आनुपातिक रुपमा ९ प्रतिशतका दरले हुन आउने रकम रु. १,४०,६७,१२३.२९ (अक्षरेपी एक करोड चालिस लाख सतसठ्ठी हजार एक सय तेईस रुपैयाँ र उनन्तिस पैसा मात्र) र साधारण सेयर पूँजी रु. ३,८६,१९,३०,८१४.९४ को १५ प्रतिशतले हुन आउने रकम रु. ५७,९२,८९,६२२.२४ (अक्षरेपी सन्ताउन्न करोड बयानब्बे लाख उनानब्बे हजार छ सय बाईस रुपैयाँ र चौबिस पैसा मात्र) नगद लाभांस (कर प्रयोजनको लागि समेत) वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८३/०८४ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख. विशेष प्रस्तावहरु :

१. विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२. विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनका सम्बन्धमा कुनै नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतका संशोधन/फेर बदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

ग. विविध :

५. उपस्थिति :

५.१ सञ्चालकहरूको (कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार) उपस्थिति :

क.	श्री सुदिप आचार्य	अध्यक्ष
ख.	श्री भिम प्रसाद तुलाचन	सञ्चालक
ग.	श्री चतुराखर अधिकारी	सञ्चालक
घ.	श्री विश्वेश्वर सुवेदी	सञ्चालक
ङ.	श्री बलराम बराल	सञ्चालक
च.	श्री पवन कुमार शर्मा	सञ्चालक
छ.	श्री सिर्जना दंगाल	स्वतन्त्र सञ्चालक

५.२ पदाधिकारीहरुको उपस्थिति :

क) श्री दिनेश थकाली	प्रमुख कार्यकारी अधिकृत
ख) श्री विनय दाहाल	नायव प्रमुख कार्यकारी अधिकृत
ग) श्री रघुनाथ त्रिपाठी	वरिष्ठ प्रबन्धक

.....
प्रणय तुलाधर
कम्पनी सचिव

.....
सुदिप आचार्य
अध्यक्ष

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

घ) श्री निरञ्जन भण्डारी — प्रबन्धक

ङ) श्री क्षितिज शेरचन — नायाव प्रबन्धक

च) श्री हिम बहादुर के.सी. — सहायक प्रबन्धक

छ) श्री खुमनाथ भुसाल — सहायक प्रबन्धक

ज) श्री माधव गौतम — वरिष्ठ अधिकृत

५.३ आमन्त्रितहरुको उपस्थिति :

क) श्री दुर्गा प्रसाद ज्ञवाली — एन.बि.एस.एम. एण्ड एशोशिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स

५.३ शेयरधनीहरुको उपस्थिति :

क्र.सं.	विवरण	संख्या
१.	स्वयं उपस्थित हुने शेयरधनीको संख्या	४४९
२.	प्रतिनिधि मार्फत उपस्थित हुने शेयरधनीको संख्या	४३८

६. गणपूरक संख्या एवं सभाको वैधानिकता:

कम्पनीको कुल सेयरधनी संख्या ४९,७६३ (उनन्चास हजार सात सय त्रिसट्ठी) जना र कुल सेयर संख्या ३,८६,१९,३०८.१५ भएकोमा यस बिसौँ वार्षिक साधारणसभामा निम्न अनुसारको उपस्थिति रहयो ।

कुल सेयर संख्या	स्वयं उपस्थित सेयरधनी संख्या	प्रतिनिधिद्वारा उपस्थित सेयरधनी संख्या	जम्मा उपस्थित सेयरधनी संख्या	उपस्थित कुल सेयर संख्या	बाँडफाँट भएको सेयरको सभामा प्रतिनिधित्व प्रतिशत
३,८६,१९,३०८.१५	४४९	४३८	८८७	२,१३,३९,५०८.९८	५५.२६

सभाको प्रारम्भमा बैंकका कम्पनी सचिव एवं सभा सञ्चालक श्री प्रणय तुलाधरले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा बैंकको नियमावली बमोजिम सेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३ तथा विकास बैंकको नियमावली बमोजिम सभाको लागि आवश्यक गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ (४) बमोजिम तोकिएको स्थानमा नै गरिएको हुँदा प्रचलित कानून अनुसार बिसौँ वार्षिक साधारणसभा बैधानिक रहेको घोषणा गर्नु भयो ।

तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपूरक संख्या पुगेको सभाले मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय सूचीको क्रमानुसार जान र तत् सम्बन्धमा विकास बैंकको स्वीकृत नियमावली तथा प्रचलित ऐन कानून बमोजिम कार्यवाही अगाडि बढाउन सभाले अनुमति प्रदान गर्नुभयो ।

.....
प्रणय तुलाधर
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

.....
सुदिप आचार्य
अध्यक्ष

७. **सभाको अध्यक्षता, आसन ग्रहण र सभा सञ्चालन :**

गणपूरक संख्या पुगेको र साधारणसभा वैधानिक रहेकोले बैंकका कम्पनी सचिव एवं कार्यक्रम सञ्चालनकर्ता समेत रहनु भएका श्री प्रणय तुलाधरले कम्पनी ऐन, २०६३ को दफा ७४ (१) तथा विकास बैंकको नियमावलीको नियम ६ (१) बमोजिम साधारणसभाको अध्यक्षता गरीदिनु हुन सञ्चालक समितिका अध्यक्ष श्री सुदिप आचार्यज्यूलाई अनुरोध गर्नु भए बमोजिम अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नु भयो । तत्पश्चात् बैंकका सञ्चालकज्यूहरु, पूर्व अध्यक्ष तथा सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, नायव प्रमुख कार्यकारी अधिकृतज्यू, बाह्य लेखापरिक्षकज्यू, नियामक निकायका प्रतिनिधिज्यूरु, सेयरधनी महानुभावहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई आसन ग्रहण गराउनु भयो ।

८. **स्वागत मन्तव्य :**

यस विकास बैंकको बिसौँ वार्षिक साधारणसभाका अध्यक्षज्यू, सञ्चालकज्यूहरु, बैंकका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएका पूर्व अध्यक्षज्यू, पूर्व सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, सबै कर्मचारीहरु तथा आफ्नो अमूल्य समय दिएर संस्थाको संस्कारलाई उच्च स्थानमा राखेर बैंकको सम्मानित साधारणसभाको सफलताको लागि सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित अतिथि लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट सञ्चालक श्री चतुराखर अधिकारीज्यूले हार्दिक स्वागत गर्दै बैंकसँग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुको सकारात्मक योगदान तथा सकारात्मक सोचका साथ प्रतिफलयुक्त कार्यलाई पूर्णता दिनको निमित्त सबैको महत्वपूर्ण भुमिका रहने विश्वास प्रकट गर्दै आफ्नो स्वागत मन्तव्य राख्नुभयो ।

९. **वार्षिक साधारणसभाको औपचारिक उद्घाटन :**

बैंकको बिसौँ वार्षिक साधारणसभाको औपचारिक उद्घाटन सभाका अध्यक्ष श्री सुदिप आचार्यज्यूले पानसमा दीप प्रज्वलन गरी गर्नुभयो । यसै गरि, सभालाई अगाडि बढाउनुपूर्व राष्ट्र र राष्ट्रिय एकताप्रति एकताभाव प्रकट गर्दै राष्ट्रिय गान श्रवण तथा गायनको कार्यक्रम रहेकोले उक्त कार्यमा सम्पूर्ण सहभागी भई राष्ट्र र राष्ट्रियता प्रति समर्पणभाव प्रकट गरिएको थियो ।

१०. **सभा सञ्चालनको अनुमति :**

सभाको कार्यवाही अगाडि बढाउन अध्यक्षज्यू समक्ष सभाको कार्यक्रम संचालनकर्ताद्वारा अनुमति माग भएकोमा सभाका अध्यक्षज्यूले सभाको कार्यवाही अगाडि बढाउन अनुमति प्रदान गर्नु भयो ।

११. **सभा अध्यक्षज्यूको स्वागत/लिखित मन्तव्य तथा सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुतीकरण ।**

सभा अध्यक्षज्यूको अनुमति अनुसार सभाको कार्यवाहीलाई अगाडि बढाउने क्रममा सभा सञ्चालकले अध्यक्षज्यूलाई आफ्नो स्वागत/लिखित मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नुभए अनुसार अध्यक्षज्यूले आफ्नो स्वागत/लिखित मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गरी छलफलको लागि सहभागी हुन सेयरधनी महानुभावहरुलाई आग्रह गर्नुभयो ।

.....
प्रणय तुलाधर
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

.....
सुदिप आचार्य
अध्यक्ष

११.१ मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु सहित छलफलका लागि आह्वान :

कार्यक्रम सञ्चालकले सभा समक्ष अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको सञ्चालक समितिको प्रतिवेदन तथा प्रस्तावहरु उपर छलफलको लागि आह्वान गर्नुभए पश्चात् निम्न लिखित सेयरधनी महानुभावहरुले आ-आफ्नो लिखित/मौखिक मन्तव्य, जिज्ञासा, प्रश्न, सुझाव तथा शुभकामना सभामा प्रस्तुत गर्नु भयो ।

क. श्री गोविन्द के.सी.

ख. श्री शत्रुधन श्रेष्ठ

ग. श्री ध्रुव राज न्यौपाने

घ. श्री उत्सव सुन्दर श्रेष्ठ

ङ. श्री मदन खनाल

च. श्री टंक प्रसाद पराजुली

छ. श्री भेषराज भण्डारी

ज. श्री जगन्नाथ आचार्य

झ. श्री उत्तम दत्त पाण्डे

ञ. चन्द्र नारायण श्रेष्ठ

ट. श्री सुदिप श्रेष्ठ

ठ. श्री लक्ष्मण बहादुर श्रेष्ठ

ड. श्री सुरेन्द्र चिमौरिया

ढ. श्री नरसिंह लाल चखूँ

ण. श्री उद्दव घिमिरे

त. श्री ब्रम्हदेव शाक्य

थ. श्री युगल बसेल

द. श्री दमरु बल्लभ घिमिरे

न. रामजी पण्डीत

प. अमिर दास रंजित

फ. कृष्ण प्रसाद अधिकारी

ब. लभ राज जोशी

भ. इन्द्र प्रसाद लामिछाने

म. इन्द्र प्रसाद श्रेष्ठ

च. निरुपमा गुप्ता

.....
प्रणय तुलाधर
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

.....
सुदिप आचार्य
अध्यक्ष

छलफलका क्रममा सहभागी सेयरधनी वक्ताहरुले सभामा राख्नु भएका राय, सुझाव तथा जिज्ञासा सहितको मुख्य विषयहरुको सारसंक्षेपः

श्री गोविन्द के.सी. :

१. यस विकास बैंकको आ.व. २०८२/८३ को वितरणयोग्य मुनाफाबाट साधारण सेयरधनीहरुलाई १५ प्रतिशत र अग्राधिगार सेयरधनीहरुलाई ९ प्रतिशत नगद लाभांश प्रदान गर्न सफल भएकोमा संचालक समिति तथा बैंक व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

२. संस्थागत सुशासनलाई आत्मासात गर्दै अषाढ मसान्त २०८३ को वार्षिक वित्तिय विवरण श्रावण महिनाको ०२ गते नै प्रकाशित गर्न सफल हुनुको तथा सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुमा साधारणसभा सम्पन्न गर्ने पहिलो बैंक बन्न सफल रहेकोमा शुभकामना व्यक्त गर्नुभयो ।

३. बैंकले आ.व. २०८१/८२ को लागि Best Presented Annual Report (BPA) अवार्डमा स्वर्ण पदक हासिल गर्न सफल भएकोमा शुभकामना प्रदान गर्दै आगामी वर्षहरुमा पनि स्वर्ण पदक जित्न सफल होस् भन्ने कामना व्यक्त गर्नुभयो ।

४. बैंकद्वारा आगामी वर्षमा संस्थागत सुशासन कायम गर्दै खराव कर्जा असुलउपर गर्ने तथा अन्य कामकार्यवाही अघि बढाउने सम्बन्धमा बैंकको रणनीति उपर प्रकाश पारिदिनुहुन अनुरोध गर्नुभयो ।

श्री शत्रुधन श्रेष्ठ :

१. आ.व. २०८२/८३ को लागि सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु मध्ये साधारणसभा सम्पन्न गर्ने पहिलो बैंक बन्न सफल रहेकोमा शुभकामना व्यक्त गर्नुभयो ।

२. Best Presented Annual Report (BPA) अवार्डमा स्वर्ण पदक हासिल गर्न सफल भएकोमा शुभकामना प्रदान गर्नुभयो ।

३. यक बैंकद्वारा विगत लामो समयदेखि सेयरधनीहरुलाई उचित लाभांश प्रदान गर्न सफल रहेकोमा धन्यवाद प्रदान गर्नुभयो ।

४. समग्र बैंकिङ क्षेत्रमा कर्जा असुलीमा देखिएको चुनौतीका बावजुत यस बैंकद्वारा निष्कृय कर्जा अनुपात अन्य बैंक तथा वित्तिय संस्थाहरुको तुलना न्यूनतम बिन्दुमा कायम गर्न सफल भएकोमा बैंक व्यवस्थापनको कार्य सम्पादन उत्कृष्ट रहेको राय पेश गर्नुभयो ।

५. बैंकले आगामी वर्षहरुमा शाखा विस्तार गर्नुभन्दा हाल कायम शाखा कार्यालयहरु मार्फत आफ्ना ग्राहकहरुलाई गुणस्तरीय सेवा प्रदान गर्न तथा प्रविधिमा उचित लगानी गरी साईबर सुरक्षामा विशेष जोड दिदै डिजिटल बैंकिङ् विस्तार गर्न सुझाव पेश गर्नुभयो ।

श्री ध्रुव न्यौपाने :

१. यस विकास बैंकद्वारा आ.व. २०८२/८३ को मुनाफाबाट साधारण सेयरधनीहरुलाई १५ प्रतिशत नगद लाभांश प्रदान गर्न सफल भएकोमा संचालक समिति तथा बैंक व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

२. आ.व. २०८२/८३ को लागि सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुमा साधारणसभा सम्पन्न गर्ने पहिलो बैंक बन्न सफल रहेकोमा शुभकामना प्रदान गर्नुभयो ।

.....
प्रणय तुलाधर
कम्पनी सचिव

.....
सुदिप आचार्य
अध्यक्ष

३. हाल नेपालको सेयर बजारमा निकै उतार चढाव आउनुका साथै सेयर बजारको अवस्था घट्दो क्रममा रहेतापनि यस बैंकद्वारा सेयर बजारमा लगानी गरी नाफा आर्जन गर्न सफल रहेकोमा खुसी व्यक्त गर्नुभयो ।

४. बैंकको वार्षिक प्रतिवेदनमा पेश गर्नुभएको अघिल्लो ५ वर्षको वित्तिय सूचकहरु सम्बन्धी ग्राफहरुमा Compound Annual Growth Rate (CAGR) समेत समावेश गरिदिनुहुन सुझाव पेश गर्नुभयो ।

५. बैंकको वार्षिक प्रतिवेदनमा पेश गर्नुभएको Realization Cost सम्बन्धी विवरणमा सुनको Realization Cost १० प्रतिशत कायम गर्नुको कारण प्रष्ट पारिदिनुहुन अनुरोध गर्नुभयो ।

श्री उत्सब सुन्दर श्रेष्ठ :

१. बैंकद्वारा प्रदान गरिने १५ प्रतिशत नगद लाभांश प्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनहरुमा नगद लाभांशभन्दा बोनस सेयरलाई प्राथमिकता दिन तथा नगद र बोनश लाभांशको मिश्रण गरी लाभांश प्रदान गर्न सुझाव दिनु भयो ।

२. बैंकद्वारा अग्राधिगार सेयर जारी गर्नुको उद्देय तथा सोबाट प्राप्त रकमको उपयोगीता सम्बन्धमा थप प्रष्ट पारिदिनुहुन अनुरोध गर्नुभयो ।

३. बैंकद्वारा विभिन्न कम्पनीहरुको सेयरमा लगानी गरेकोमा बजार मूल्य उच्च भएको बेला किन उक्त सेयरहरु बिक्री नगरेको भनी जिज्ञाशा व्यक्त गर्दै आगामी दिनहरुमा सेयर बजारको उचित विश्लेषण गरी उचित समयमा सेयरहरु खरिद/बिक्री गर्न र उच्चतम नाफा हासिल गर्न सुझाव दिनु भयो ।

४. कर्जा अपलेखनभन्दा कर्जा असुलीमा विशेष जोड दिन र हाल देशको आर्थिक अवस्थालाई मध्येनजर गर्दै ऋणीको आवश्यकता र औचित्यको आधारमा ऋणीहरुलाई ब्याज मिनाहा गर्दा कर्जा असुलीमा सकारात्मक प्रभाव पर्ने बारे सुझाव पेश गर्नुभयो ।

५. बैंकद्वारा नियामक निकायहरुको नीतिगत व्यवस्थाको अधिनमा रही बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत देशमा रहेका दृष्टिविहिन, अपाङ्ग तथा दीनदुखि व्यक्तिहरुको उचित मूल्याङ्कन गरि सहयोग गरिदिनुहुन सुझाव पेश गर्नुभयो ।

श्री मदन खनाल :

१. सर्वप्रथम कामना सेवा विकास बैंकद्वारा भाद्र मसान्त भित्रै आ.व. २०८२/८३ को २० औं वार्षिक साधारणसभा सम्पन्न गर्न सफल भएकोमा बैंकको संचालक समिति, प्रमुख कार्यकारी अधिकृत तथा बैंक व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नुका साथै शुभकामना व्यक्त गर्नुभयो ।

२. बैंकद्वारा आ.व. २०८२/८३ मा उत्कृष्ट नाफा आर्जन गरी १५ प्रतिशत नगद लाभांश प्रस्ताव गर्न सफल रहेको परिप्रेक्ष्यमा बैंकका कर्मचारीहरु सहित सभामा उपस्थित सम्पूर्ण सेयरधनी महानुभावहरुले खुसी महसुस गरी राख्नुभएको अनुभूती भएको बारे आफ्नो भावना साझा गर्नुभयो ।

३. बैंकद्वारा सभामा प्रस्तावित नगद लाभाशं साधारणसभा सम्पन्न भएकै दिन सेयरधनीहरुको बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाउन बैंक व्यवस्थापनलाई अनुरोध गर्नुभयो ।

४. चालू आ.व. को बाँकी अवधिमा व्यवसाय वृद्धिमा विशेष जोड दिई आगामी वर्षहरुमा बैंकद्वारा अझै राम्रो प्रतिफल दिन सफल हुने कामना व्यक्त गर्नुभयो ।

.....
प्रणय तुलाधर
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

.....
सुदिप आचार्य
अध्यक्ष

श्री टंक नाथ पराजुली :

१. संचालक समितिको सवल व्यवस्थापनका कारण बैंकद्वारा अहिलेको वर्तमान मौद्रिक नीति, आर्थिक मंदी र प्रतिकूल लगानीका बाबजुत पनि उचित नाफा आर्जन गर्न सफल भएकोमा नियामकीय निकायको नीति नियमलाई पालना गर्दै संस्थागत सुशासन कायम गरी अन्य बैंकको तुलनामा उच्च प्रतिफल दिन सफल भएकोमा संचालक समिति र प्रमुख कार्यकारी अधिकृतलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुका लागी शुभकामना व्यक्त गर्नुभयो ।

२. आगामी दिनहरुमा बैंकको साधारणसभा काठमाडौँ उपत्यका बाहेक अन्य क्षेत्रहरुमा समेत आयोजना गर्न आग्रह गर्दै उपस्थित सम्पूर्ण महानुभावहरुलाई आउदै गरेको विजया दशमी, शुभ दिपावली र छठ पर्वको लागी शुभकामना व्यक्त गर्नुभयो ।

श्री जगन्ननाथ आचार्य :

१. यस विकास बैंकद्वारा आ.व. २०८२/८३ को मुनाफाबाट साधारण सेयरधनीहरुलाई १५ प्रतिशत नगद लाभांश प्रदान गर्न सफल भएकोमा खुसी प्रकट गर्नुभयो । यसै गरी, आ.व. २०८२/८३ को लागि सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुमा साधारणसभा सम्पन्न गर्ने पहिलो बैंक बन्न सफल रहेकोमा बैंक व्यवस्थापनलाई बधाई दिनुभयो ।

२. आ.व. २०८१/८२ को तुलनामा आ.व. २०८२/८३ को वित्तीय सूचकहरुको समिक्षा गर्दा सम्पूर्ण वित्तीय सूचकहरु सन्तोषजनक रहेको व्यहोरा जानकारी गराउनु भयो ।

३. विभिन्न संस्थाहरुमा संस्थापक, संचालक, बैंक व्यवस्थापन तथा कर्मचारीहरु बीच समन्वय नपुग्दा संस्थालाई काम गर्न कठिनाई भईरहेको सुनिन्छ, तर यस बैंकद्वारा निश्चित समयावधि भित्र वार्षिक साधारणसभा सम्पन्न गर्न सफल रहेको, उत्कृष्ट वित्तीय विवरण प्रस्तुत भएको, विभिन्न पुरस्कार हासिल गर्न सफल रहेको आदि जस्ता अवस्थामा यस बैंकद्वारा राम्रो संस्थागत सुशासन कायम गरेको विचार साझा गर्नुभयो ।

४. नियामकिय व्यवस्था बमोजिम मुनाफाको १ प्रतिशत रकम सामाजिक क्षेत्रमा खर्च गर्दै आईरहेको कार्यलाई निरन्तरता दिनुहुन अनुरोध गर्दै यहि मिति २०८३ साल भाद्र १० गते प्राकृतिक विपदबाट उत्पन्न भिषण बाढीबाट प्रभावित क्षेत्रको लागी प्रधानमन्त्री दैवी प्रकोप कोषमा रु. २५ लाख जम्मा गर्नुभएकोमा यस बैंकको उच्च प्रशंसा गर्नुभयो ।

श्री भेषराज भण्डारी :

१. बैंकको यस २० औँ वार्षिक साधारणसभामा छलफलका लागी पेश भएको प्रस्तावहरु मध्ये सेयरधनीहरुको लागी प्रमुख जिज्ञाशा र चासोको रुपमा रहेको प्रस्ताव भनेको लाभांश सम्बन्धी प्रस्ताव रहेको र विगतका वर्षहरुमा झै सेयरधनीहरुको हात खाली नहुने गरी यस वर्ष पनि १५ प्रतिशत नगद लाभांश प्रस्ताव गर्न सफल भएकोमा संचालक समिति र बैंक व्यवस्थापन समक्ष खुसी प्रकट गर्दै धन्यवाद ज्ञापन गर्नुभयो ।

२. बैंकहरु मध्ये आ.व. २०८२/८३ को लागी साधारणसभा डाक्ने पहिलो बैंक बन्न सफल भएकोमा बधाई दिदै संस्थामा राम्रो संस्थागत सुशासन झल्केको अभिव्यक्ति पेश गर्नुभयो ।

३. लाभांशको प्रस्ताव सम्बन्धमा १५ प्रतिशत नगदको सट्टा बोनस सेयरको प्रस्ताव भएको भए सेयरधनीहरुको मुहार अझै हसिलो हुने राय पेश गर्नुभयो ।

.....
प्रणय तुलाधर
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

.....
सुदिप आचार्य
अध्यक्ष

४. यस बैंकको आ.व. २०८२/८३ को वित्तीय सूचकहरुको विश्लेषण गर्दा सम्पूर्ण सूचकहरु बलियो रहेको कारण सेयरधनीहरुद्वारा ढुक्कले लगानी गर्न सक्ने वातावरण रहेको विचार साझा गर्नुभयो ।

श्री उत्तम दत्त पाण्डे :

१. सर्वप्रथम हालै रसुवा, नुवाकोट, धादिङमा भएको धनजनको क्षति प्रति हार्दिक सम्वेदना व्यक्त गर्नुभयो ।
२. आ.व. २०८१/०८२ को तुलनामा आ.व. २०८२/०८३ को सूचकहरुमा सुधार देखिएको बारे जानकारी प्रदान गर्नुभयो ।
३. यस विकास बैंकद्वारा आ.व. २०८२/८३ को मुनाफाबाट साधारण सेयरधनीहरुलाई १५ प्रतिशत नगद लाभांश प्रदान गर्न सफल भएकोमा संचालक समिति र बैंक व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्दै कामना सेवा विकास बैंकको उत्तरोतर प्रगतिको कामना व्यक्त गर्नुभयो ।

श्री सुदिप श्रेष्ठ :

१. सेयरधनीहरुको प्रमुख एंवम एउटै उद्देश्य नै लगानीको प्रतिफल प्राप्त गर्नु रहन्छ । सोही इच्छा एवम् लगानीको उच्च कदर गर्दै बैंकद्वारा प्रस्ताव गरेको १५ प्रतिशत नगद लाभांश निकै सराहनीय रहेको बारे जानकारी प्रदान गर्नुभयो ।
२. दई दशक भन्दा बढी समय व्यतीत गर्दै नेपाली जनताहरु माझ Modern Banking Facilities हरुद्वारा सेवा प्रवाह गर्दै नविनतम प्रबिधियुक्त Doorstep Banking Service र Insurance Facility सहितको Alpha Grow Saving Account को शुरुवात गरेको देखिन्छ । यसै गरी बैंकको विगत ५ वर्षको वित्तीय सूचकहरुको Movement हरुको विश्लेषण गर्दा बैंकले सराहनीय कार्य प्रगति गरेको देखिन्छ । तर, निष्कृय कर्जा अनुपात तर्फ बैंकको निष्कृय कर्जा अनुपात बढ्दो क्रममा रहेको देखिएको हुँदा त्यस तर्फ ध्यानाकर्षण गराउनुभयो ।

श्री चन्द्र नारायण श्रेष्ठ :

१. यस विकास बैंकको आ.व. २०८२/०८३ को वितरणयोग्य मुनाफाबाट सेयरधनीहरुलाई प्रति सेयर १५ प्रतिशतको दरले नगद लाभांश प्रदान गर्न प्रस्ताव पेश गर्नुभएकोमा संचालक समिति र बैंक व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नुभयो ।
२. आ.व. समाप्त भएको २ महिनामा नै वार्षिक साधारणसभा आयोजना गर्न सफल रहेकोमा बैंकको लेखापरीक्षक लगायत सम्पूर्णमा धन्यवाद ज्ञापन गर्नुभयो ।
३. यस साधारणसभाबाट पारित हुने नगद लाभांश आजै सेयरधनीहरुको खातामा आउने व्यवस्था गरिदिनुहुन अनुरोध गर्दै बैंकको सफलताको कामना व्यक्त गर्नुभयो ।

श्री ब्रम्हदेव शाक्य :

१. सर्वप्रथम यस विकास बैंकले आ.व. समाप्त भएको दुई महिना नबित्दै साधारणसभा बोलाएकोमा आभार व्यक्त गर्नुभयो । यस कार्यले यस बैंकको संस्थागत सुशासन चुस्त रहेको पुष्टि गर्नुभयो ।

.....
प्रणय तुलाधर
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

.....
सुदिप आचार्य
अध्यक्ष

२. यस बैंकले छलफलका लागी प्रस्तुत गरेको प्रस्तावहरु मध्ये सामान्य प्रस्तावको प्रस्ताव नं. ३ मा उल्लेखित कर सहत १५ प्रतिशत नगद लाभांशलाई सहर्ष समर्थन गर्दै त्यस्तो प्रस्ताव ल्याउन सक्ने गरी काम गर्नुभएकोमा सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

३. सामान्य प्रस्ताव नं. ४ अनुसार आ.व. २०८३/८४ को लेखापरीक्षण गर्नका लागी लेखापरीक्षक नियुक्त गर्दा सकेसम्म वर्तमान लेखापरीक्षकलाई साविक कै पारिश्रमिक सहित पुनः नियुक्त गर्न सुझाव पेश गर्नुभयो ।

४. वर्तमान अवस्थामा रहेको निष्कृय कर्जा अनुपातलाई आगामी वर्षहरुमा न्यूनतम बिन्दुमा ल्याउनका लागि कर्जा असुलउपरमा विशेष ध्यान दिन तथा नयाँ कर्जा लगानी गर्दा कर्जा गुणस्तरमा विशेष ध्यान दिन सुझाव दिनुभयो ।

श्री युगल बसेल :

१. वर्तमान परिस्थितिमा समेत १५ प्रतिशत लाभांश दिन सफल भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

२. वित्तीय संस्थाहरु मध्ये सबैभन्दा छिटो साधारणसभा गर्न सफल भएकोमा धन्यवाद ज्ञापन गर्नभयो ।

३. वित्तीय क्षेत्रमा रहेका थुप्रै चुनौतीहरुका बावजुद पनि यस बैंकले सन्तोषजनक कार्यकुशलता प्रदर्शन गरेकोमा धन्यवाद ज्ञापन गर्दै अझै प्रगतिको कामना व्यक्त गर्नुभयो ।

४. भोटेकोशीमा आएको बाढीका कारण उक्त क्षेत्रमा बैंकको कुनै शाखा कार्यालयमा क्षति भएको/नभएको र उक्त क्षेत्रमा रहेका जलविद्युत परियोजनाहरुमा बैंकको लगानी रहेको/नरहेको उपर जिज्ञासा प्रकट गर्नुभयो ।

श्री लक्ष्मण बहादुर श्रेष्ठ :

१. बैंकले वार्षिक साधारणसभा समय मै सम्पन्न गरेकोमा संचालक समिति र व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्नुभयो । साथै, आगामी वर्षहरुमा पनि साधारणसभा प्रथम त्रैमास भित्र नै सम्पन्न गर्न आग्रह गर्नुभयो ।

२. बैंकले आ.व. २०८२/८३ मा सेयरधनीहरुलाई १५ प्रतिशत नगद लाभांश प्रदान गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । साथै, आगामी वर्षहरुमा लाभांश वितरण गर्दा नगद र बोनस सेयर दुबैको मिश्रण गरी लाभांश प्रस्ताव गर्नुहुन अनुरोध गर्दै आगामी आ.व. मा लाभांश अझै बढ्नेछ भन्नेमा आशावादी रहेको विचार व्यक्त गर्नुभयो ।

३. कम्पनीको वार्षिक प्रतिवेदन अध्ययन गर्दा खर्चमा मितव्ययीता अपनाउन संचालक समितिलाई अनुरोध गर्नुभयो ।

श्री सुरेन्द्र चिमौरिया :

१. यस विकास बैंकको आ.व. २०८२/०८३ को वितरणयोग्य मुनाफाबाट सेयरधनीहरुलाई १५ प्रतिशत नगद लाभांश प्रदान गरेकोमा धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि यसै गरि उत्कृष्ट लाभांश प्रदान गर्नुहुनेछ भन्ने विश्वास रहेको बताउनु भयो । साथै, बैंक भविष्यमा निरन्तर उन्नतीतर्फ लम्किरहोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

२. बैंकले साधारणसभामा पेश गरेका सम्पूर्ण प्रस्तावहरुमा समर्थन रहेको जानकारी साझा गर्नुभयो ।

.....
प्रणय तुलाधर
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

.....
सुदिप आचार्य
अध्यक्ष

श्री प्रो. डा. रामजी पंडीत :

१. बैकको वार्षिक साधारणसभामा प्रस्ताव गर्नुभएको १५ प्रतिशत नगद लाभांशको लागी धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा समेत नगद लाभांशलाई निरन्तरता दिन आग्रह गर्नुभयो ।

२. बैंकलाई शाखा विस्तारमा जोड नदिई हाल कायम शाखाहरुको उच्च व्यवस्थापन गर्न तथा घाटामा हरेका शाखा कार्यालयलाई उचित अन्य शाखा कार्यालयहरुमा गाभ्न वा अन्य उचित स्थानमा स्थानान्तरण गर्न सुझाव पेश गर्नुभयो ।

३. बैंकद्वारा साधारणसभामा पेश गरिएको प्रस्तावहरुमा मर्जर तथा प्राप्तिको प्रस्ताव नरहेकोमा सन्तुष्ट रहेको र आगामी दिनहरुमा पनि मर्जर तथा प्राप्तिको प्रस्ताव पेश नगर्न सुझाव पेश गर्नुभयो । साथै, बैंकले साधारणसभामा पेश गरेका सम्पूर्ण प्रस्तावहरुमा समर्थन रहेको जानकारी साझा गर्नुभयो ।

श्री नरसिंह लाल चखूँ :

१. आ.व. २०८२/८३ को लागि सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुमा साधारणसभा सम्पन्न गर्ने पहिलो बैंक बन्न सफल रहेकोमा बैंक व्यवस्थापनलाई बधाई दिनुभयो ।

२. यस विकास बैंकद्वारा आ.व. २०८२/८३ को मुनाफाबाट साधारण सेयरधनीहरुलाई १५ प्रतिशत नगद लाभांश प्रदान गर्न सफल भएकोमा खुसी प्रकट गर्नुभयो । यसै गरी, बैंकको वित्तीय विवरण विश्लेषण गर्दा बैंक प्रगति तर्फ लम्कीरहेको बारे राय साझा गर्नुभयो ।

३. आ.व. २०८१/८२ को तुलनामा आ.व. २०८२/८३ को वित्तीय सूचकहरुको समिक्षा गर्दा सम्पूर्ण वित्तीय सूचकहरु सन्तोषजनक रहेको व्यहोरा जानकारी गराउनु भयो ।

श्री निरुपमा गुप्ता :

१. बैकको वार्षिक साधारणसभामा प्रस्ताव गर्नुभएको १५ प्रतिशत नगद लाभांशको लागी धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा दोहोरो अंकमा बोनस सेयरको अपेक्षा रहेको जानकारी गराउनुभयो ।

२. बैंक व्यवस्थापनलाई खर्चमा मितव्ययीता अपनाउन आग्रह गर्दै आगामी दिनहरुमा बैंकको उत्तरोतर प्रगतिको कामना गर्नुभयो ।

११.२ सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको जवाफ :

वार्षिक साधारणसभामा सेयरधनी महानुभावहरुले उठाउनु भएका प्रश्न, जिज्ञासा र सुझाव उपर बैंकका अध्यक्ष श्री सुदिप आचार्यज्यू तथा प्रमुख कार्यकारी अधिकृत श्री दिनेश थकालीज्यूले दिनु भएको समष्टिगत जवाफको साराँश :

विकास बैंकको बिसौं वार्षिक साधारणसभा सफल बनाउनको लागि पाल्नु भएका आदरणीय सेयरधनी महानुभावहरु, विभिन्न संस्थाहरुबाट आमन्त्रित प्रतिनिधिहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई गरिमामय उपस्थितिको लागि बैंक परिवारको तर्फबाट कृतज्ञता प्रकट गर्दै धन्यवाद व्यक्त गर्नुभयो । सेयरधनी महानुभावहरुले बैंकको सर्वोपरी हितको लागि राख्नुभएको राय, सुझाव, जिज्ञासाहरुलाई आगामी दिनमा मार्गदर्शनको रुपमा लिई उपरोक्त राय, सल्लाह सुझावहरुको मनन् गर्दै अगाडि बढ्न प्रतिवद्ध रहेको बारे सभा समक्ष जानकारी गराउनु भयो । यसै गरी, सेयरधनी वक्ताहरुको भनाई, जिज्ञासा र चासोको मुख्य विषयहरु प्रतिफल (लाभांश) आगामी वर्षहरुमा पनि दोहोरो अंकमा कायम राख्नुपर्ने तथा आगामी वर्षहरुमा

.....
प्रणय तुलाधर
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

.....
सुदिप आचार्य
अध्यक्ष

नगद लाभाशंभन्दा बढी बोनस सेयर वितरण गर्न जोड दिनुपर्ने, साधारणसभा तथा बैंकको वित्तीय विवरणहरु समयमै प्रकाशित गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने, खर्चको क्रममा मितव्ययीता अपनाउनुपर्ने, बैंकद्वारा अपलेखन गरिएका कर्जाहरुको असुली आदि सम्बन्धी रहेकोमा संचालक समितिद्वारा संस्थाको हितका लागी रणनीतिक स्तरबाट व्यवस्थापनलाई उचित मार्गदर्शन प्रदान गर्ने कार्यमा बढी जोड दिने गरिएको र हाल यस बैंकको रणनीति भनेको कर्जाको संख्यालाई मात्र जोड दिनुभन्दा प्रवाह गरिने कर्जाको गुणस्तरमा बढी जोड दिई व्यवसाय वृद्धि गर्ने रणनीति रहेको, प्रचलित नीति, नियम र बैंकको आन्तरीक नीति, नियम समेतको अधिनमा रही कर्जा अपलेखन गरिएको, बैंकको खराब कर्जाको आकारलाई घटाउदै बैंकलाई भित्रै देखि सबल बनाइने र आगामी दिनहरुमा समेत बैंकद्वारा सेयरधनीहरुलाई दोहोरो अंकमा लाभांश वितरण गर्ने क्षमता वृद्धि गर्न रणनीतिक योजना बजाई काम गरिरहेको, बैंकद्वारा गरिने कार्यहरु नियामकीय निकाय नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको नीति, नियम, निर्देशीका, तथा विभिन्न मार्गदर्शनहरुमा रहेको व्यवस्थाहरुको अधिनमा रही गर्नुपर्ने भएको हुँदा बैंकद्वारा गरिने कार्यहरुको पनि आफ्नै सीमिततताहरु रहेको, बैंकको हालको अवस्था र भविष्यमा बैंकको आवश्यकता बमोजिम सेयरधनीहरुलाई हाल प्रदान गर्न प्रस्ताव गरिएको नगद लाभांश सम्बन्धी निर्णय रणनीतिक निर्णय रहेको तथा भविष्यमा बैंकलाई पूँजीको आवश्यकता परेको खण्डमा बैंकद्वारा बोनस सेयर तथा हकप्रद सेयर जारी गरी समेत बैंकको पूँजी वृद्धि गरिने र समितिबाट गरिने निर्णयहरु कुनै व्यक्ति वा समूहको हितमा भन्दा समग्र बैंकको हितमा हुने गरी निर्णय लिने गरिएको जानकारी गराउनु हुँदै बैंक संचालन सम्बन्धी विषयमा उठेका प्रश्न र जिज्ञासा सम्बन्धमा प्रष्ट पारिदिनु हुन प्रमुख कार्यकारी अधिकृत श्री दिनेश थकालीज्यूलाई अनुरोध गर्नु भएकोमा बुँदागत रुपमा निम्न अनुसार प्रष्ट पार्नु भयो ।

१) संस्थागत सुशासन अन्तर्गत बैंक संचालनको क्रममा प्रमुख कार्यकारी अधिकृतलाई संचालक समितिबाट कुनै किसिमको दवाव आउने गरेको वा त्यस्ता दवाव आएको खण्डमा प्रमुख कार्यकारी अधिकृतद्वारा नाई भन्न सक्ने अवस्था रहेको/नरहेको सम्बधी सेयरधनीको प्रश्न रहेकोमा हाल सम्म संचालक समितिबाट कुनै किसिमको अनुचित किसिमको प्रस्ताव तथा दवावहरु प्राप्त नभएको हुँदा यस्तो परिस्थितिको सामना गर्नु नपरेको र सोको कारण नै पनि बैंक हाल सवल रुपमा सही दिशामा अघि बढी रहेको बारे प्रष्ट पार्नुभयो ।

२. बैंकद्वारा पेश गरिएको वार्षिक प्रतिवेदनमा Compound Annual Growth Rate (CAGR) समेत समावेश गर्न सुझाव प्रदान गर्नुभएकोमा हाल बैंकद्वारा सेयरधनी महानुभावहरुकै सल्लाह र सुझावलाई आत्मसात गर्दै वार्षिक प्रतिवेदन संक्षिप्त रुपमा प्रकाशन गर्ने गरिएको तथा सेयरधनीद्वारा वार्षिक प्रतिवेदनमा समावेश गर्न अनुरोध भई आएको विवरणहरु यस बैंकद्वारा अङ्ग्रजी संस्करणमा तयार पारिएको वार्षिक प्रतिवेदनमा समावेश भएको र उक्त प्रतिवेदन सेयरधनी महानुभावहरुद्वारा बैंकको वेवसाइटबाट प्राप्त गर्न सकिने बारे जानकारी प्रदान गर्नुभयो ।

३. बैंकको Realization Cost सम्बन्धी विवरणको विषयमा सुनको Realization Cost १० प्रतिशत कायम गरिएको र उक्त लागत दर कम कायम गर्दा बैंकको नाफा वृद्धि हुन सक्ने सुझाव पेश गर्नुभएकोमा नेपाल राष्ट्र बैंकद्वारा बैंकहरुलाई जारी गरिएको ECL Guidelines मा रहेको व्यवस्था बमोजिम नै उक्त लागत दर १० प्रतिशत कायम गरिएको बारे प्रष्ट पार्नुभयो ।

४. बैंकद्वारा पेश गरिएको वार्षिक प्रतिवेदनमा सेयरधनी महानुभावद्वारा संचालक स्तरीय समितिहरुको बैठक भत्ता सम्बन्धी विवरण उपर जिज्ञासा प्रकट गर्नुभएकोमा बैंकद्वारा उपलब्ध गराएको वार्षिक प्रतिवेदनको पृष्ठ नं. १२० मा संचालक स्तरीय समितिहरुको बैठक भत्ता सम्बन्धी विस्तृत विवरण पेश गरिएको बारे जानकारी प्रदान गर्नुभयो ।

.....
प्रणय तुलाधर
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

.....
सुदिप आचार्य
अध्यक्ष

५. सेयरधनी महानुभावहरुद्वारा खराब कर्जा अपलेखन रकम सम्बन्धी जिज्ञासा प्रकट गर्नुभएकोमा यस बैंकद्वारा प्रचलित कानून, नेपाल राष्ट्र बैंकद्वारा जारी गरिने एकीकृत निर्देशन र बैंकको कर्जा अपलेखन सम्बन्धी विनियमावलीहरुमा उल्लिखित मापदण्डहरुको अधिनमा रही कर्जा अपलेखन गर्ने गरिएको र यस्ता कर्जाहरु असुलउपर गर्न कर्जा असुली विभाग अन्तर्गत छुट्टै इकाइ खडा गरी ऋण असुली न्यायाधीकरणमा मुद्दा दर्ता गर्ने लगायतका अन्य असुलीका काम कार्यवाहीहरु समेत प्रभावकारी रुपमा अघि बढाएको र सोको नियमित अनुगमन गर्ने गरिएको जानकारी प्रदान गर्नुभयो ।

६. बैंकद्वारा संस्थाको पूँजीलाई थप सवल बनाउने उद्देश्यले अग्राधिकार सेयर जारी गरेको तथा उक्त सेयरको ९ प्रतिशत निश्चित लाभांश दर रहेको र उक्त लाभांश संस्था नाफामा रहेको सयममा मात्र वितरण गर्ने कानूनी व्यवस्था रहेको जानकारी गराउनु भयो । यसै गरी, उक्त अग्राधिकार सेयर मार्फत प्राप्त पूँजीबाट बैंकले उक्त पूँजीको दश गुणा बढी रकम बराबरको कर्जा प्रवाह गर्न सकिने व्यवस्था रहेको हुँदा उक्त पूँजीले बैंकको व्यवसाय वृद्धिमा सहयोग पुग्ने बारे प्रष्ट पार्नुभयो ।

७. देशको विभिन्न क्षेत्रबाट लामो यात्रा तय गर्दै यस बैंकको साधारणसभामा उपस्थित भई बैंकको हौसला वृद्धि गर्नुभएकोमा बैंकका संस्थापक सेयरधनी महानुभावहरुमा आभार व्यक्त गर्नुभयो र आगामी दिनहरुमा समेत यहाँहरुको विश्वासलाई कायम राख्दै बैंकलाई अझै सवल रुपमा कार्य सम्पादन गर्दै जानेछौ भन्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

८. आर्थिक वर्ष २०८२/०८३ मा यस बैंकद्वारा दोहोरो अंकमा लाभांस वितरण गर्न सफल रहेकोमा सो कार्यलाई आगामी वर्षहरुमा समेत निरन्तरता होस तथा आगामी वर्षहरुमा लाभांश वितरण गर्दा नगद र बोनस सेयरको मिश्रण मिलाई लाभांश वितरण गरियोस् भनी यहाँहरुले गर्नु भएको अपेक्षालाई मनन् गर्दै प्रतिफलको हकमा बैंक व्यवस्थापन सदैव प्रतिवद्ध रहेको तथा सेयरधनीहरुको हित अभिवृद्धिको लागी अधिकतम प्रयासरत रहेको प्रतिवद्धता व्यक्त गर्नु भयो ।

९. सेयरधनी महानुभावहरुद्वारा आगामी वर्षहरुमा समेत बैंकद्वारा वित्तीय विवरणहरु समयमै प्रकाशन गर्ने तथा वार्षिक साधारणसभा समयमा नै सम्पन्न गरि संस्थागत सुशासन कायम गर्न सुझाव प्रदान गरे बमोजिम बैंक व्यवस्थापन सदाझै पारदर्शी हिसाबले वित्तीय विवरणहरु समयमा नै प्रकाशित गर्न तथा बैंकको वार्षिक साधारणसभा समयमा नै आयोजना गरि सेयरधनीहरुलाई प्रतिफल प्रदान गर्ने तर्फ आफू हरदम प्रतिवद्ध रहेको जानकारी गराउनु भयो ।

१०. धेरै सेयरधनी महानुभावहरुले लिखित सुझावहरु समेत पेश गर्नुभएकोमा प्राप्त लिखित सल्लाह तथा सुझावहरुलाई पनि आत्मसात गर्दै आगामी दिनहरुमा कामकार्यवाही अघि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

<u>छलफल तथा जवाफको क्रम समाप्ति :</u>

सेयरधनी महानुभावहरूले राख्नु भएको जिज्ञासा एवं सुझावहरूको सम्बन्धमा सभाका अध्यक्षज्यू र प्रमुख कार्यकारी अधिकृतज्यूले जवाफ पेश गर्नुभए पश्चात् अन्य सेयरधनी महानुभावहरूबाट थप जिज्ञासा प्राप्त नभएको र जवाफउपर समर्थन जनाउनु भएकोले कार्यक्रम सञ्चालकले छलफलका विषयवस्तुहरु समाप्त भएको जानकारी सभा समक्ष गराउनु भयो ।

.....
प्रणय तुलाधर
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

.....
सुदिप आचार्य
अध्यक्ष

प्रस्तावहरूको प्रस्तुति :

अध्यक्षज्यूको निर्देशन अनुसार सभाको कार्यक्रम सञ्चालकद्वारा काम कारबाही अगाडि बढाउने क्रममा पूर्व निर्धारित विषयसूची अन्तर्गतका सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु निर्णयका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो र सभाबाट देहाय बमोजिका प्रस्तावहरु पारित तथा स्वीकृत गर्ने सर्वसम्मत निर्णय भयो ।

१२. सभामा पेश भएका प्रस्तावहरु र पारित निर्णयहरु :

क) सामान्य प्रस्ताव

सामान्य प्रस्ताव नं. १ र सो उपर निर्णय :

आ.व. २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन (संक्षिप्त तथा विस्तृत) माथि छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भएपछि उपस्थित शेयरधनी महानुभावहरुद्वारा उक्त वार्षिक प्रतिवेदन (संक्षिप्त तथा विस्तृत) ध्वनिमतले सर्वसम्मत रुपमा पारित भयो ।

सामान्य प्रस्ताव नं. २ र सो उपर निर्णय :

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक वित्तीय विवरण (आषाढ मसान्त २०८३ को वासलात, आ.व. २०८२/०८३ को नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भएपछि उपस्थित सेयरधनी महानुभावहरुद्वारा ध्वनिमतले सर्वसम्मत रुपमा पारित भयो ।

सामान्य प्रस्ताव नं. ३ र सो उपर निर्णय :

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८२/०८३ को वितरणयोग्य मुनाफाबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. ४,२१,१९,३०,८१४.९४ मध्ये अग्राधिकार सेयर पूँजी रु. ३५,००,००,०००/- को बाँडफाँड भएको मितिबाट असार मसान्त, २०८३ सम्म आनुपातिक रुपमा ९ प्रतिशतका दरले हुन आउने रकम रु. १,४०,६७,१२३.२९ (अक्षरेपी एक करोड चालिस लाख सतसट्ठी हजार एक सय तेईस रुपैयाँ र उनन्तिस पैसा मात्र) र साधारण सेयर पूँजी रु. ३,८६,१९,३०,८१४.९४ को १५ प्रतिशतले हुन आउने रकम रु. ५७,९२,८९,६२२.२४ (अक्षरेपी सन्ताउन्न करोड बयानब्बे लाख उनानब्बे हजार छ सय बाईस रुपैयाँ र चौबिस पैसा मात्र) नगद लाभांस (कर प्रयोजनको लागि समेत) वितरण गर्ने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भएपछि उपस्थित सेयरधनी महानुभावहरुद्वारा ध्वनिमतले सर्वसम्मत रुपमा पारित भयो ।

सामान्य प्रस्ताव नं. ४ र सो उपर निर्णय :

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा आ.व. २०८३/०८४ को लागि बाह्य लेखापरीक्षकको नियुक्तिका विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान बमोजिम लेखापरीक्षण समितिले "कम्पनीको लेखापरीक्षकको नियुक्तिको लागि सम्भावित लेखापरीक्षकको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका सर्तहरु निर्धारण गरी अनुमोदनको लागि साधारणसभामा पेश गर्ने" भनि उल्लेख भए बमोजिम आर्थिक वर्ष २०८३/०८४ को लेखापरीक्षण गर्नका लागि विभिन्न ३ वटा फर्महरुको प्रोफाइल

.....
प्रणय तुलाधर
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

.....
सुदिप आचार्य
अध्यक्ष

अध्ययन गरी संभावित ३ वटा लेखापरीक्षक मध्ये एन.बि.एस.एम. एण्ड एशोशिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम नियुक्ति गर्न उपयुक्त देखिएको हुँदा देहाय बमोजिमका कार्य सम्पादन गर्ने गरी लेखापरीक्षक श्री एन.बि.एस.एम. एण्ड एशोशिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई लेखापरीक्षकमा नियुक्त गर्ने र सो कार्यको सिलसिलामा भैपरी आउने यातायात लगायतका सम्पूर्ण खर्चहरु समेत गरी एकमुष्ट रु. २२,६०,०००/- (अक्षरेपी बाईस लाख साठी हजार मात्र) मु.अ. कर समेत पारिश्रमिक प्रदान गर्ने निर्णय ध्वनि मतले सर्वसम्मत रुपमा पारित भयो । साथै, उक्त शुल्क भित्र देहायका कार्यहरु समावेश गरिएको समेत जानकारी गराइयो ।

- Statutory Audit for FY 2083/84
- Tax Audit for FY 2083/84
- Long Form Audit Report for FY 2083/84
- Certification u/s 78 of Companies Act, 2063 for FY 2083/84
- Certification as per SEBON directives for FY 2083/84

आन्तरिक लेखापरीक्षण समितिको सिफारिसमा बैंकको संचालक समितिद्वारा लेखापरीक्षक नियुक्ति सम्बन्धमा सभा समक्ष पेश गरेको प्रस्ताव सभाले सर्वसम्मत रुपमा पारित गरेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४(२) बमोजिम अध्यक्षज्यूले उक्त प्रस्ताव पारित भएको घोषणा गर्नु भयो ।

ख) विशेष प्रस्ताव:

विशेष प्रस्ताव नं. १ र सो उपर निर्णय :

विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित भै देहाय बमोजिम संशोधन गर्ने सर्वसम्मतिले निर्णय भयो । सो सहमतिको लागि नेपाल राष्ट्र बैंक र अभिलेखको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने निर्णय भयो ।

प्रबन्धपत्रको दफा ४ को खण्ड (ङ)

नेपाल राष्ट्र बैंकको निर्देशनको अधीनमा रही सहायक कम्पनी (Subsidiary Company) मार्फत नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई प्रचलित कानुनी व्यवस्था तथा विद्यमान नीतिगत व्यवस्थाको अधीनमा रही मर्चेण्ट बैंकिङ् सम्बन्धी कार्य गर्ने ।

प्रबन्धपत्रको दफा ४ को खण्ड (कड)

सामूहिक लगानी कोष (म्युचुअल फण्ड) स्थापना गरी कोष प्रवर्द्धकको रुपमा कार्य गर्ने ।

प्रबन्धपत्रको दफा ४ को खण्ड (कढ)

नेपाल राष्ट्र बैंकको निर्देशनको अधीनमा रही सहायक कम्पनी (Subsidiary Company) मार्फत नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई प्रचलित कानुनी व्यवस्था तथा विद्यमान नीतिगत व्यवस्थाको अधीनमा रही धितोपत्र व्यवसायीको रुपमा धितोपत्र दलाल वा व्यापारी तथा राफसाफ सदस्य भई कार्य गर्ने ।

प्रणय तुलाधर
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

विशेष प्रस्ताव नं. २ र सो उपर निर्णय :

विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनका सम्बन्धमा कुनै नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतका संशोधन/फेर बदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भएपछि उपस्थित शेयरधनी महानुभावहरुद्वारा ध्वनिमतले सर्वसम्मत रुपमा पारित भयो ।

(ग) विविध

सभा सञ्चालकले विविध अन्तर्गत कुनै पनि विषय नरहेको व्यहोरा सभालाई जानकारी गराउनु भयो ।

१३. धन्यवाद ज्ञापन तथा सभाको समापन:

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले कार्यक्रम सञ्चालकले सभा अध्यक्ष श्री सुदिप आचार्यज्यूलाई सभाको औपचारिक समापन गरिदिनु हुन अनुरोध गर्नु भए पश्चात् सभा अध्यक्ष श्री सुदिप आचार्यज्यूले स्वयम् उपस्थित भई तथा प्रतिनिधि मार्फत उपस्थिती जनाई, आफ्नो अमूल्य राय सुझाव दिई साधारणसभा सफलतापूर्वक सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेकोमा सम्पूर्ण सेयरधनी महानुभावहरुलाई विशेष धन्यवाद ज्ञापन गर्नु भयो ।

साथै, भविष्यमा पनि सदा झैं सबैको साथ, सहयोग र मार्गदर्शन प्राप्त हुने आशा एवम् विश्वास व्यक्त गर्दै नियामक निकायका प्रतिनिधिज्यूरु, पूर्व तथा वर्तमान सञ्चालकज्यूहरु, लेखापरीक्षकज्यू, पत्रकारज्यूहरु, शेयर रजिष्ट्रारका प्रतिनिधीज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, उपस्थित अन्य अतिथि तथा बैंकका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुका साथै आउँदै गरेको दिपावली, नेपाल संवत् तथा छठ पर्वको शुभकामना व्यक्त गर्दै बिसौं वार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गर्नुभयो ।

सभा सम्पन्न मिति : २०८३ साल भाद्र ३१ गते बुधबार तद्नुसार सेप्टेम्वर १६, २०२६ ।

.....
प्रणय तुलाधर
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

.....
सुदिप आचार्य
अध्यक्ष